**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागदुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २५१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज ९ गते शुक्रबार ❑ 25 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## पूर्वराष्ट्रपति भण्डारी एमालेको वरिष्ठ नेतामा चयन

**रासस**
काठमाडौं, ८ असोज

नेकपा (एमाले) को केन्द्रीय कमिटीको तेस्रो बैठकबाट पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी वरिष्ठ नेताको जिम्मेवारीमा चयन हुनुभएको छ।

स्थायी कमिटी र केन्द्रीय सदस्यमा मनोनयन, अध्यक्षको राजनीतिक प्रतिवेदन र २२ बुँदे समसामयिक प्रस्ताव पारित गर्दै नेपाल कम्युनिष्ट पार्टी (एमाले) को केन्द्रीय कमिटीको तेस्रो बैठक बिहीबार सम्पन्न भएको छ। यही असोज ५ गतेदेखि ललितपुरको भनिमण्डलस्थित रामबाग महलमा भएको बैठकले पूर्वराष्ट्रपति एवं पार्टीका पूर्वउपाध्यक्ष विद्यादेवी भण्डारीलाई पार्टी नेतृत्वको दोस्रो वरियतामा रहने गरी वरिष्ठ नेतामा मनोनीत गरेको छ।

बैठकले अध्यक्ष केपी शर्मा ओलीद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदन सर्वसम्मतिले पारित गर्दै ११औं महाधिवेशनपछि मनोनीत हुन बाँकी केन्द्रीय सदस्यसमेत चयन गरेको महासचिव शङ्कर




पोखरेलद्वारा बैठकपछि जारी विज्ञप्तिमा जनाइएको छ। विज्ञप्तिमा जनाइएअनुसार बैठकले ईश्वर पोखरेल (काठमाडौँ), प्रदीप ज्ञवाली (गुल्मी), काशिनाथ अधिकारी (चितवन), देवराज घिमिरे (झापा), शिवमाया तुम्वाहाम्फे (मोरङ), लालबाबु पण्डित (मोरङ) र थममाया थापा (म्याग्दी)लाई स्थायी कमिटीमा मनोनयन गरेको भने विभिन्न जिल्लाबाट २९ जना केन्द्रीय सदस्य मनोनीत गरिएको छ। पार्टीमा समायोजन भएका विभिन्न समूहबाट १३ जनालाई केन्द्रीय सदस्य बनाइएको महासचिव पोखरेलले बताउनुभयो। मनोनीत हुने केन्द्रीय कमिटी सदस्यमा काशिनाथ अधिकारी (चितवन), देवराज घिमिरे (झापा), हरि रिजाल (प्यूठान), पासाङ शेर्पा (ताप्लेजुङ), नरेन्द्र भट्टराई (इलाम), नन्दराम देवकोटा (खोटाङ), धर्म गिरी (प्यूठान), नारायण घर्ती (जाजरकोट), विद्यासुन्दर शाक्य (काठमाडौँ), शान्तिलाल महत (जुम्ला), पोल्तेन छेपाङ गुरुङ (मनाङ), डा प्रेम दङ्गाल (काठमाडौँ),सुरेन्द्रउदास(भोजपुर), विनोद पाण्डे (काठमाडौँ), पुष्पराज श्रेष्ठ (सिन्धुली), विमला घिमिरे (कपिलवस्तु), डा शिवमाया तुम्वाहाम्फे (मोरङ), कौशिला खत्री (जाजरकोट), जानुका सिम्खडा (धादिङ) र बिना बास्तोला (भक्तपुर) रहनुभएको छ। यसैगरी, पार्टीमा समायोजन भएकामध्येबाट केन्द्रीय सदस्य मनोनयन हुनेमा मोहम्मद इस्तियाक राई (बाँके), प्रदीप यादव (पर्सा), अब्दुल हुसैन अंसारी (सुनसरी), डिबी कार्की (स्याङजा), भवानी खापुङ (तेह्रथुम), दीपक साउद (अछाम), जय गोले तामाङ (काठमाडौँ), धर्मराज निरौला (सुनसरी), रवि चामलिङ (खोटाङ), विनोद पहाडी (रुपन्देही), श्रीप्रसाद शर्मा (बागलुङ), रामप्रित राम (सिराह) र ध्रुव विष्ट (भक्तपुर) रहनुभएको महासचिव पोखरेलले जानकारी दिनुभयो।

स्थायी कमिटीलाई पूर्णता दिने, पोलिटब्यूरो गठन गर्ने, सल्लाहकार परिषद् तथा विभाग गठन गर्ने र ज्येष्ठ कम्युनिष्ट मञ्च गठन गर्ने विषयमा सचिवालय बैठकबाट निर्णय गर्न अधिकार प्रत्यायोजन गरेको छ।

## कास्कीमा ठूलो वर्षाको जोखिम, पदयात्रा नगर्न र राति सवारी नचलाउन आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज

कास्कीमा भारीदेखि अति भारी वर्षाको सम्भावना देखिएपछि जिल्ला प्रशासन कार्यालयले उच्च सतर्कता अपनाउन आग्रह गरेको छ।

प्रशासनले रातिको समयमा सवारी साधन सञ्चालन नगर्न, पदयात्रामा ननिस्कन तथा पदयात्रामा रहेका पर्यटकलाई सुरक्षित स्थानमा बस्न आग्रह गर्दै नदी, खोला, नाला तथा तटीय क्षेत्रमा विशेष सावधानी अपनाउन अनुरोध गरेको छ। नेपाल मौसम विज्ञान विभागको पूर्वानुमानअनुसार असोज ८ गते बिहीबारदेखि ११ गते आइतबारसम्म कास्की सहित आसपासका क्षेत्रमा मेघगर्जन, चट्याङ, हावाहुरी सहित भारीदेखि अति भारी वर्षाको सम्भावना रहेको भन्दै प्रशासनले यस्तो आग्रह गरेको हो।

कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङको अध्यक्षतामा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले सम्भावित बाढी, पहिरो तथा अतिवृष्टिबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरणका लागि विभिन्न पूर्वतयारी तथा सावधानीका निर्णय गरेको छ। बैठकमा पालिका प्रमुख तथा जनप्रतिनिधि, कर्मचारी, सुरक्षा निकायका प्रमुख, विषयगत कार्यालय तथा सरोकारवाला निकाय एवं विभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो। कास्कीका ग्रामीण क्षेत्रमा चल्ने सवारी साधन दिउँसो ४ बजेपछि सञ्चालन नगर्न र राष्ट्रिय राजमार्गमा चल्ने सवारी साधनसमेत रातिको समयमा सञ्चालन नगर्न आग्रह गरिएको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनु भयो। अत्यावश्यकबाहेक यात्रा नगर्न तथा यात्रा गर्नैपर्ने अवस्थामा सडक र राजमार्गको अवस्था तथा मौसमबारे पूर्वजानकारी लिएर मात्र हिँड्न प्रशासनले अनुरोध गरेको छ।

भारी वर्षाका कारण नदी तथा खोलामा पानीको सतह बढ्ने, आकस्मिक बाढी र भेल आउने, नदी तथा खोला किनारमा कटान तथा पहिरो जाने र सडक भासिन सक्ने जोखिम रहेकाले तटीय क्षेत्रमा विशेष सावधानी अपनाउन भनिएको छ। नदी तथा खोला किनारमा माछा मार्ने, पौडी खेल्ने, नुहाउने, लुगा धुने, ढुंगा, बालुवा तथा गिटी निकाल्ने वा बाढीले बगाएर ल्याएका सामग्री उठाउन नजान पनि प्रशासनले आग्रह गरेको छ। अभिभावकलाई आफ्ना बालबालिकालाई यस्ता जोखिमयुक्त क्षेत्रमा जान नदिन अनुरोध गरिएको छ। यसैबीच, सम्भावित विपद्को जोखिमलाई मध्यनजर गर्दै पोखरा महानगरपालिकाले महानगर क्षेत्रभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयमा दुई दिन स्थानीय बिदा दिने निर्णय गरेको छ।

महानगरका अनुसार असोज ८ गते बिहीबार र ९ गते शुक्रबार विद्यालय बन्द रहनेछन्। यी दुई दिनको पठनपाठनबाट हुने शैक्षिक क्षतिलाई पछि दिइने अन्य सार्वजनिक बिदासँग समायोजन गरिनेछ। यद्यपी केही बिद्यालयहरुले भने संचालन भएका छन्। पोखराका मेयर धनराज आचार्यले प्रतिकूल मौसमका कारण पूर्वसावधानीस्वरूप विद्यालय बन्द गर्ने निर्णय गरिएको जानकारी दिनुभएको छ। प्याराग्लाइडिङ, बन्जी जम्प, कायकिङ, जिपलाइन लगायत साहसिक गतिविधि तथा फेवाताल र बेगनासतालमा सञ्चालित डुंगा, सर्फिङ र कायकिङजस्ता गतिविधि पनि मौसम प्रतिकूल भए तत्काल रोक्न भनिएको छ। प्रशासनले आकस्मिक विपद् आइपरेमा नजिकको प्रहरी कार्यालय वा प्रहरीको १०० तथा विपद् सूचना तथा उद्धार टोल फ्री नम्बर १२३४ मा सम्पर्क गर्न आग्रह गरेको छ। मौसम सम्बन्धी आधिकारिक सूचना नियमित रूपमा हेर्न र स्थानीय प्रशासन तथा सुरक्षा निकायले जारी गर्ने निर्देशन पालना गर्न पनि अनुरोध गरिएको छ।

## क्यानभासमा उतारिँदै हिमाली सङ्कट

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज

हिमनदी भत्केर भोटेकोशी-त्रिशूली नदीमा आएको विनाशकारी बाढीपछि नेपालको हिमाली क्षेत्रले भोलिरहेको जलवायु सङ्कटको मुद्दा विश्वव्यापी रूपमा उठिरहेको छ। अमेरिकामा जारी संयुक्त राष्ट्रसङ्घको ८१औं महासभामासमेत यो विषयले महत्वका साथ प्रवेश पाएको छ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले महासभालाई सम्बोधन गर्ने क्रममा आफूले तीन वर्षअघि नेपालको हिमाली क्षेत्रबाट जलवायु परिवर्तनका कारण हिमनदी तीव्र गतिमा पग्लिरहेको र 'विश्वको छानो भत्कँदै गएको'बारे दिएको चेतावनी स्मरण गर्नुभएको छ।



महासभामा जलवायु न्यायका लागि नेपालका तर्फबाट आवाज उठाउन प्रधानमन्त्री वालेन्द्र शाह पनि यतिबेला अमेरिकामा हुनुहुन्छ। उहाँले महासभामा जलवायु परिवर्तनका कारण नेपालले भोग्नुपरिरहेको जनधनको क्षतिबारे विश्वसमुदायलाई ध्यानाकर्षण गराउनुहुने जनाइएको छ।

यही पृष्ठभूमिमा अन्नपूर्ण सेञ्चुरी पर्यटन समितिको आयोजनामा कास्कीस्थित अन्नपूर्ण हिमालको आधार शिविरमा 'अन्नपूर्ण कला कार्यशाला-२०८३' आजदेखि सुरु भएको छ। कला कार्यशाला भइरहेको स्थान त्यही हो जहाँ विसं २०८० कात्तिक १४ गते संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेरेस पुग्नुभएको थियो। अन्नपूर्ण आधार शिविर पुगेर जलवायु परिवर्तनले हिमाली क्षेत्रमा पारेको असरबारे प्रत्यक्ष देखे/बुझेर फर्कनुभएका उहाँले सोही प्रसङ्गलाई संयुक्त राष्ट्रसङ्घको ८१औं महासभामा उठान गर्नुभएको हो।

अन्नपूर्ण सेञ्चुरी पर्यटन समितिका अध्यक्ष ललित गुरुङले जलवायु परिर्वतनका कारण हिमनदी भत्कँदा निम्तिएको भोटेकोशी-त्रिशूलीको विनाशकारी बाढीपछि नेपालले जलवायु न्यायका लागि आवाज उठाइरहेका बेला कला कार्यशालाको विषयवस्तु (थिम) पनि हिमाली क्षेत्रले भोगरिहेको जलवायु सङ्कटमा केन्द्रित रहेको बताउनुभयो। उहाँका अनुसार कार्यशालामा पोखरा, काठमाडौं र चितवनका गरी १२ जना कलाकार सहभागी छन्। "जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा परिरहेको असरलाई कलामार्फत उजागर गर्ने र सँगै अन्नर्पूण क्षेत्रको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले कला कार्यशाला राखिएको हो", अध्यक्ष गुरुङले भन्नुभयो, "कलाकारहरूले अन्नपूर्ण आधार शिविरमा पुगेर स्थलगत रूपमा कला सिर्जना गरिरहनुभएको छ।" पोखराका कलाकार रमेश श्रेष्ठको नेतृत्वमा रहेको टोली शुक्रबारसम्म कार्यशालामा सहभागी भएर पर्यटकीय गाउँ घान्द्रुक फर्कनेछ।

घान्द्रुकमा पनि दुई दिनसम्म बसेर उक्त टोलीले त्यहाँको प्रकृति, संस्कृति र जनजीवनलाई क्यानभासमा उतार्ने अध्यक्ष गुरुङले बताउनुभयो। चार दिनको पदयात्रापछि आज बिहान मात्र कलाकार आधार शिविर पुगेका छन्। कलाकारले जलवायु सङ्कटको असरसँगै अन्नपूर्ण क्षेत्रको प्राकृतिक सौन्दर्यलाई पनि कलामा समेट्ने जनाइएको छ। कार्यशालामा सिर्जित कलालाई पोखरा र काठमाडौँमा प्रर्दशन गरिने भएको छ। "कलाकारका सिर्जनाले जलवायु परिवर्तनका कारण हाम्रो हिमाली क्षेत्रले भोगिरहेको असरप्रति सबैको ध्यानाकर्षण गराउनेछ", अध्यक्ष गुरुङले भन्नुभयो।

कार्यशालामा कलाकार रमेश श्रेष्ठ, केशर गुरुङ, गोपाल दराई, शान्तकुमार श्रेष्ठ, रिकबहादुर गुरुङ, श्रीजन राजभण्डारी, मुकेश श्रेष्ठ, लिलाधर केसी, दामोदर बराल, वरुणबाबु घिमिरे, सुदिन श्रेष्ठ र विश्व केसी सहभागी हुनुहुन्छ। अन्नपूर्ण गाउँपालिका, अन्नपूर्ण संरक्षण क्षेत्र, घान्द्रुक पर्यटन व्यवस्थापन समिति, छोम्रोङ पर्यटन व्यवस्थापन समितिलगायत सङ्घसंस्थाको सहयोग र सहकार्यमा कार्यशाला आयोजना गरिएको अध्यक्ष गुरुङले बताउनुभयो।

अन्नपूर्ण क्षेत्रको पर्यटन प्रवर्द्धनमा क्रियाशील उक्त समितिले हरेक वर्ष अन्नपूर्ण आरोहण दिवस (जुन ३)मा 'अन्नपूर्ण म्याराथन'को आयोजना गर्दै आएको छ। 'सबै मौसमका लागि पर्यटन'को अवधारणासहित घान्द्रुकलगायत क्षेत्रमा प्रवर्द्धनात्मक गतिविधि सञ्चालन हुँदै आएका छन्।

## कांग्रेस महाधिवेशनमा पालिकाअन्तर्गत ६६ जिल्लाका ६३० मा निर्वाचन सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज

नेपाली कांग्रेसको यही असोज १६ देखि १९ गतेसम्म हुन गइरहेको १५औं महाधिवेशनअन्तर्गत बिहीबारसम्म ६६ जिल्लाका ६३० पालिकामा निर्वाचन सम्पन्न भएको छ।

यस बीचमा विभिन्न स्थानमा भारी वर्षा भइरहेकाले अधिवेशन प्रक्रियामा कठिनाइ भइरहेको निर्वाचन अधिकृतहरूबाट जानकारी प्राप्त भएको पार्टी केन्द्रीय कार्यालयले जनाएको छ। पार्टीको निर्वाचन समितिले सो अवस्थामा मौसम विभागले सूचना जारी गरेको सन्दर्भलाई पनि दृष्टिगत गरी यही असोज १० गतेका लागि तोकिएको प्रदेशसभा एवं प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनका निर्वाचन कार्यक्रम अनुकूलताअनुसार गर्न यही असोज १३ गतेभित्र गरिसक्न निर्देश गरेको छ।


**जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं**


◆ जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,
◆ बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,
◆ वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,
◆ नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,
◆ वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,
◆ जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,
◆ प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं.
◆ जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं।

जलवायु परिवर्तनको असरबारे सचेत बनौं,
जलवायु–उत्थानशील समाज निर्माण गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखराको दिगो पर्यटनका लागि प्याराग्लाइडिङ बचाउँदै व्यवस्थापनमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज

पोखराको पर्यटनको पहिचान र साहसिक पर्यटनको महत्वपूर्ण आधार बनेको प्याराग्लाइडिङलाई संरक्षण गर्दै यसको दिगो व्यवस्थापन गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।




नेपाल हवाई खेलकुद संस्था (न) को २३औँ साधारण सभा तथा ११औँ अधिवेशन बुधबार पोखरामा सम्पन्न गर्दै उनीहरूले सुरक्षा, नियमन र व्यवसायिक स्थायित्वलाई प्राथमिकता दिनुपर्ने बताएका हुन् । सन् १९९६ मा प्रशिक्षणात्मक उडानबाट सुरु भएको प्याराग्लाइडिङले सन् २००० देखि व्यावसायिक रूप लिएको ‘ना’ का अध्यक्ष अनिल केसीले बताए।सुरुमा सात कम्पनीबाट सुरु भएको व्यवसायमा अहिले ५७ कम्पनी र ४१३ प्यारापाइलट आबद्ध छन्। हालसम्म करिब एक अर्ब रुपैयाँ लगानी भएको उनको दाबी छ। उनका अनुसार कुनै समय वार्षिक एक लाख ५० हजारभन्दा बढी पर्यटकले प्याराग्लाइडिङ गर्ने गरेकामा अहिले यो संख्या घटेर ७० देखि ८० हजारमा सीमित भएको छ। प्राकृतिक विपत्ति, पर्यटन आगमनमा आएको कमी तथा सञ्चालनसम्बन्धी विभिन्न चुनौतीले यसको व्यवसाय प्रभावित भएको उनको भनाइ छ। “प्याराग्लाइडिङकै लागि पोखरा आउने पर्यटकको संख्या उल्लेख्य छ र यसले पर्यटकको बसाइ लम्ब्याउन पनि सहयोग गर्छ,” केसीले भने । उक्त कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले प्याराग्लाइडिङ पोखराको पहिचान भएकाले यसको सुरक्षा पहिलो प्राथमिकता हुनुपर्ने बताए । नेपाल नागरिक उड्डयन प्राधिकरणका फ्लाई सेफ्टी विभाग प्रमुख प्रभाकरचन्द्र मल्लिकले पनि दुर्घटना न्यूनीकरणका लागि प्रभावकारी नियमन र नियमको पूर्ण पालना आवश्यक रहेको बताए। नेपाल पर्यटन बोर्डका सदस्य सन्तोष पोखरेलले प्याराग्लाइडिङ पोखराको पर्यटनसँग पर्यायजस्तै बनिसकेको बताए। “दिगो पर्यटनका लागि जल, जमिन र आकाश तीनै क्षेत्रमा गतिविधि आवश्यक छ,” उनले भने । पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलले प्याराग्लाइडिङलाई अनावश्यक रूपमा सीमित गर्नुभन्दा सुरक्षित र व्यवस्थित ढंगले खुला वातावरणमा सञ्चालन गर्नुपर्ने बताए। नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष कास्कीका अध्यक्ष माधव बरालले पोखराको प्याराग्लाईडिङलाई व्यबस्थित र सुरक्षित बनाउन सुझाव दिए । पोखराको आकाशमा हिमाल, ताल र प्राकृतिक दृश्यसँगै उडानको अनुभव लिन पाउनु प्याराग्लाइडिङको मुख्य आकर्षण हो। त्यसैले व्यवसायी, सरकार र नियामक निकायबीच समन्वय गर्दै प्याराग्लाइडिङलाई सुरक्षित, व्यवस्थित र दीगो बनाउनु नै पोखराको पर्यटनलाई दीर्घकालीन रूपमा बलियो बनाउने आधार हुने सरोकारवालाले जोड दिएको महासचिव बलराम आचार्यले बताए । उक्त अवसरमा पत्रकार कृष्णमणि बराल र विमल तिवारीलाई सम्मान गरिएको छ ।

# जिसस कास्कीमा गैरसरकारी संस्थाहरूको बार्षिक समीक्षा सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज

जिल्ला समन्वय समिति कास्कीमा जिल्लामा क्रीयाशिल गैरसरकारी संस्थाहरूको बार्षिक समिक्षा कार्यक्रम शुरु भएको छ ।



बिहीवार र शुक्रबार दुई दिन सम्म चल्ने सो समिक्षाको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नुभएको हो । प्रमुख पौडेलले गैरसरकारी संस्थाहरू थप प्रभावकारी परिणामका लागि ठोष योजना सहित कार्य सम्पादन गर्न आग्रह गर्नुभयो । गैरसरकारी संस्थाहरू हरेक तहका सरकारको सहयात्री र सहजकर्ता भएको उल्लेख गर्दै आफ्नो लक्ष्य सहित सामाजिक उत्तरदायित्वमा ध्यान पुर्याउन आग्रह गर्नुभयो ।

पारदर्शी र उत्तरदायी संस्थाहरू नै आफ्नो उद्देश्यमा सफल र दीर्घकालीन सेवा प्रबाहमा अब्बल हुने बताउनुभयो । कतिपय संस्थाहरूले आन्तरिक नियन्त्रण प्रणालीमा जोड दिनुपर्ने देखिएको भन्दै प्रमुख पौडेलले जिल्लाभरी कार्यक्षेत्र हुने केही संस्थाहरूले जिल्ला परियोजना सल्लाहकार समितिको बैठकबाट आफ्ना निती कार्यक्रम र बजेट स्वीकृति लिएर संचालन नगरेको पाइएको हुँदा तत्काल सो गर्न आग्रह गर्नुभयो । पौडेलले मानवीय बिकास सहित दिगो बिकासका लक्ष्य प्राप्तिमा गैरसरकारी संस्थाहरूको भुमिका उल्लेखनीय भएको उल्लेख गर्नुभयो। उहाँले कामदार र कर्मचारीहरूलाइ कानुन तथा नियम बमोजिम प्रदान गर्नुपर्ने सेवा सुबिधामा कमि नगर्न आग्रह गर्दै विभिन्न दातृ निकायबाट प्राप्त अनुदान समेत उच्च सदुपयोग गर्न आग्रह गर्नुभयो। कार्यक्रममा गैर सरकारी संस्था महासंघ कास्कीका अध्यक्ष इन्दिरा पौडेल ,पोखरा महानगर पालिकाका बाल कल्याण अधिकारी बेल कुमारी गुरुङ सहितले गैरसरकारी संस्थाका कार्य र भाबी भुमिका सम्बन्धमा प्रकाश पार्नुभएको थियो। आइतबारको सो समिक्षामा राइट फर चिल्ड्रेन, बाल कल्याण संस्था, शक्ति समुह, चिल्ड्रेन नेपाल, कोपिला नेपाल, दयाको सेवा नेपाल, साना हातहरू नेपाल, मानव अधिकारका लागि महिला एकल महिला समुह कास्की, बाल हितकारी परियोजना, थ्री एन्जल्स नेपाल, बहिनी एडुकेयर फाउन्डेसन, कोपिला चिल्ड्रेन होम,महिला सशक्तीकरण समाज ,एस ओ एस बाहिनी, सहित पन्ध्र वटा संस्थाले आ -आफ्नो संस्थाको संचालित कार्यक्रमको विवरण सहित समिक्षा प्रस्तुत गरे । जिल्ला परियोजना सल्लाहकार समितिका संयोजक एबम जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उपप्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको सूचना अधिकारी लक्षु शर्माले जानकारी दिनुभयो ।

# पोखरा–दुबई उडानबाट पर्यटन व्यवसायी उत्साहित

**रासस**
पोखरा, ८ असोज

अघिपछि सुनसान देखिने पोखरा अन्तरराष्ट्रिय विमानस्थलको प्रस्थान र आगमन कक्षमा बुधबार दिउँसोदेखि नै चहलपहल सुरू भएको थियो। फ्लाई दुबईले दुबई-पोखरा-दुबई नियमित व्यावसायिक उडान सुरू गरेपछि पहिलो उडानबाट पोखरा आउने यात्रुको स्वागतसँगै पोखराबाट दुबई जाने यात्रुको बिदाइका लागि आफन्तको भीड देखिन्थ्यो।

कोही घर फर्कदाँको खुसी साटिरहेका थिए, कोही परिवार र आफन्तसँग छुट्टिएर जानुपर्दाको क्षणले भावुक देखिन्थे। पहिलोपटक दुबईदेखि सिधा उडानबाट पोखरा आउने यात्रुको स्वागतका लागि स्थानीय जनप्रतिनिधि, सरकारी अधिकारी, पर्यटन व्यवसायीलगायत विमानस्थल पुगेका थिए । फ्लाई दुबईको जहाज हेर्नकै लागि कतिपय जनसाधारण विमानस्थल परिसरमा झुम्मिएका थिए । यसअघि केही वायुसेवा कम्पनीले पोखराबाट अन्तरराष्ट्रिय चार्टर उडान गरे पनि नियमित उडान हुन सकेको थिएन। फ्लाई दुबईले दैनिक उडान तालिकासहित बुधबारदेखि व्यावसायिक उडान सुरू गरेपछि पोखरेलीमाझ उत्साह छाएको छ।

पाँच दशकअघि पोखरामा अन्तरराष्ट्रिय विमानस्थल निर्माणको ‘सपना’ देखेका पोखरेली आफ्नो गृहसहर अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोडिएकामा खुसी छन् । दुबईबाट पहिलो उडानमा आउनुभएका पोखरा महानगरपालिका-३२ का कृष्णबहादुर खड्काले जहाजबाट आफ्नो गाउँ र रूपाताल हेर्दै पोखरा ओर्लदाँको क्षणले रमाइलो अनुभूति दिलाएको बताउनुभयो। “विदेशबाट आउँदा सिधै पोखरा आएर घर जान पाइने योभन्दा खुसीको कुरा अरू के हुन सक्छ ? !”, उहाँले भन्नुभयो, “लामो समयपछि हामी पोखरेलीको सपना पूरा भएको छ।”

पोखरा पर्यटन परिषद्का पूर्वध्यक्ष पोमनारायण श्रेष्ठले पोखरामा अन्तरराष्ट्रिय विमानस्थल निर्माणका लागि पोखरेलीले गरेको सङ्घर्ष स्मरण गर्नुभयो । “पचास वर्षदेखिको हाम्रो सपना पूरा भएको छ, विमानस्थल बनाउन धेरै सङ्घर्ष गर्यौं, अनसन बस्यौं”, उहाँले भन्नुभयो, “अन्ततः पोखरादेखि दुबई नियमित उडान सुरू भएको छ, यो हाम्रा लागि गर्वको क्षण हो, यसलाई दिगो र प्रभावकारी गराउने जिम्मेवारी पनि हाम्रै काँधमा आएको छ।” नेपाल पर्यटन बोर्डका कार्यकारी सदस्य सन्तोष पोखरेलले पोखरा दुबईसँग मात्र नभएर अन्य अन्तरराष्ट्रिय सहरहरसँग पनि जोडिएको बताउनुभयो। “दुबईलाई ट्रान्जिट बनाएर विश्वका धेरै मुलुकबाट अब सजिलै पोखरा आउन सकिने भएको छ, यसले पर्यटनसँगै आर्थिक क्षेत्रमा पनि नयाँ अवसर सिर्जना गरेको छ”, उहाँले भन्नुभयो, “यो उडान सफल हुनेमा हामी ढुक्क छौँ, यात्रु र पर्यटकलाई आकर्षित गर्न पर्यटन बोर्डले दुबईलगायत अन्तरराष्ट्रिय सहरमा प्रवर्द्धनात्मक कार्यक्रम गर्ने तयारी गरिरहेको छ।”

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरा-दुबई सिधा उडान हुनु पोखरेलीका लागि खुसी र गौरवको विषय रहेको बताउनुभयो । “पोखराको पर्यटन, व्यवसाय, रोजगारी र समग्र आर्थिक गतिविधिका लागि यो महत्वपूर्ण अवसर हो”, उहाँले भन्नुभयो, “यो उडान एउटा जहाज उडान मात्र होइन, पोखराको अन्तरराष्ट्रिय आकाशतर्फको नयाँ यात्राको सुरुआत पनि हो ।” दुबई अन्तरराष्ट्रिय विमानस्थलबाट साढे चार घण्टाको उडान अवधि पार गरेर फ्लाई दुबईको बोइङ ७३७ म्याक्स ८ जहाज बुधबार साँझ ६:१९ बजे पोखरा अवतरण गरेको थियो । एक सय १३ जना यात्रु लिएर आएको उक्त जहाजलाई पानीको फोहराले स्वागत गरिएको थियो । पोखराबाट साँझ ७:५५ बजे १५२ जना यात्रु लिएर जहाज दुबई फर्केको विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाले जानकारी दिनुभयो । यो उडानसँगै पोखरासहित सिङ्गो गण्डकी प्रदेशको अन्तरराष्ट्रिय हवाई सम्पर्क विस्तार, पर्यटन प्रवर्द्धन र यात्रु आवागमन सहज हुने उहाँको भनाइ। यसअघि केही वायुसेवा कम्पनीले पोखरादेखि अन्तरराष्ट्रिय उडान सुरु गरे पनि नियमित हुन नसकेकामा फ्लाई दुबईले नयाँ आशा जगाएको उहाँले बताउनुभयो । पोखरादेखि दुबई भएर युरोप, अमेरिकालगायत विभिन्न गन्तव्य मुलुकमा जाने यात्रुलाई सहजता थपिने र यात्राअवधि छोटिँदा खर्च पनि घट्ने उहाँको भनाइ छ । पहिलो उडानबाट आएका यात्रुलाई पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक डा मुकेश डङ्गोल, विमानस्थलका पदाधिकारी, कर्मचारी पोखरेली पर्यटन व्यवसायीलगायतले स्वागत गरेका थिए । पोखराबाट दुबई जाने यात्रलाई बिदाइ गरिएको थियो । नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) गण्डकीका अध्यक्ष सङ्गीता पौडेलले नेपाल पर्यटन बोर्डको सहयोगमा यात्रुलाई विशेष उपहार प्रदान गरिएको बताउनुभयो । “नाट्टामा आबद्ध व्यवसायी, होटल तथा रेष्टुराँ व्यवसायीले पनि उपहारसहित यात्रुलाई आफ्नो व्यवसायको प्रवर्द्धनात्मक सामग्री प्रदान गर्नुभयो”, अध्यक्ष पौडेलले भन्नुभयो, “सो अवसरमा फ्लाई दुबईबाट पोखरा आउने यात्रुलाई लक्षितगरी ल्याइएका विभिन्न छुट योजनाबारे पनि जानकारी गराइएको छ ।” पोखरा-दुबई सीधा उडानले पर्यटकीय राजधानी पोखरा मात्र नभएर मुलुककै सिङ्गो पर्यटन क्षेत्रलाई लाभ पुर्‍याउने उहाँको भनाइ छ । फ्लाई दुबईले दुबई-पोखरा-दुबई सीधा उडान सेवा सुरु गरेका अवसरमा पोखरामा आयोजना गर्ने भनिएको औपचारिक स्वागत समारोह भने संयुक्त अरब इमिरेट्स (युएई) का राजपरिवारका सदस्य शेख अहमद बिन राशिद अल मक्तुमको निधन भएका कारण रद्द गरिएको थियो । पोखरा-दुबई उडान सुरू भएसँगै पर्यटकीय राजधानीसमेत रहेको पोखरासहित यहाँका पर्यटकीय क्षेत्रको घुमफिरका लागि विदेशी पर्यटक सिधै पोखरा आउन सक्नेछन्। वैदेशिक रोजगारी, अध्ययन, घुमफिर आदिका लागि अरब मुलुकसहित अन्य देशमा जाने यात्रु तथा सर्वसाधारणका लागि यो उडान सेवा लाभदायी हुने देखिएको छ । सन् २०२३ जनवरीदेखि सञ्चालनमा आएको विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडान हुन सकेको थिएन । सरकारले चालु आवको नीति तथा कार्यक्रममा पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने जनाएको केही समयमै फ्लाई दुबईले उडान सुरु गरेको हो। दुबई-पोखरा-दुबई उडानका लागि गत जेठ २५ गते नेपाल नागरिक उड्डयन प्राधिकरणले फ्लाई दुबईलाई अनुमति दिएको थियो। सरकारले अन्तरराष्ट्रिय उडानका लागि वायुसेवा कम्पनीलाई आकर्षित गर्न यस विमानस्थलमा लाग्ने विभिन्न शुल्कमा छुट दिएको छ । विसं २०८५ भदौ मसान्तसम्मका लागि विमानस्थलमा पार्किङ, ल्यान्डिङ र नेभिगेसन शुल्क पूर्ण रूपमा छुट दिइएको छ । यस्तै, ग्राउन्ड ह्यान्डलिङ शुल्कमा ५० प्रतिशत छुट दिने निर्णय सरकारले गरेको छ। फ्लाई दुबईको उडानलाई लक्षित गरी पोखराका होटल तथा रेष्टुराँ व्यवसायीले पनि छुट योजना ल्याएका छन्। होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले पहिलो तीन महिनाका लागि फ्लाई दुबईबाट आउने यात्रु/पर्यटकलाई पोखराका होटलमा २५ प्रतिशत छुटको व्यवस्था गरिएको बताउनुभयो । “छुट योजनामा अहिलेसम्म ५० वटा होटल समावेश गरिएको छ, यो सङ्ख्या अझै थपिन्छ”, उहाँले भन्नुभयो, “छुट दिनेमा पोखराका पर्यटकस्तरीय होटल रहेका छन्, कतिपय तारे होटल पनि छन् ।” पहिलो उडानबाट दुबईदेखि पोखरा आउने यात्रुका लागि एक रातका लागि बास र भोलिपल्ट बिहानको खाजा निःशुल्क गरिएको थियो । रेष्टुराँ एण्ड बार एसोसिएसन (रेवान) पोखराले पनि फ्लाई दुबईबाट पोखरा आउने यात्रुलाई संस्थामा आबद्ध रेष्टुराँमा १५ देखि २० प्रतिशतसम्म छुट दिइने जनाएको छ । फ्लाई दुबईको हरेक दिन साँझ ६:१५ बजे पोखरा अवतरण र ७:१५ बजे पोखरादेखि दुबईका लागि प्रस्थानको तालिका रहेको छ । विश्वव्यापी हवाई ‘ट्रान्जिट हब’ दुबईसम्मको सिधा उडानले पोखरालाई अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोडेको छ । विश्वका १२० भन्दाबढी गन्तव्यमा फ्लाई दुबईले सिधा उडान गर्दै आएको छ । पोखरादेखि अष्ट्रेलिया, युरोप वा अमेरिकी सहरमा पुग्ने यात्रुले एउटै टिकटबाट यात्रा गर्नसक्ने र गन्तव्यसम्म पुग्दा कुनै झन्झट नुहने बताइएको छ । फ्लाई दुबई र इमिरेट्स एयरलाइन्सबीच रणनीतिक ‘कोडसेयर’ साझेदारीअन्तर्गत दुबई-पोखरा-दुबई उडान सेवा सञ्चालन गरिएको हो ।

# शैक्षिक जागरणको दियोको रुपमा लक्ष्मीशरण उपाध्यायलाई स्मरण

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज

हेमजामा शैक्षिक चेतनाको विकास र विस्तारमा महत्वपूर्ण योगदान पुर्‍याउने शिक्षासेवी लक्ष्मीशरण उपाध्यायलाई स्थानीय शैक्षिक जागरणका एक प्रेरणादायी व्यक्तित्वका रूपमा स्मरण गरिएको छ ।



हेमजा साहित्य प्रतिष्ठानको आयोजनामा शिक्षासेवी, कवि एवम् उत्प्रेरक लक्ष्मीशरण उपाध्याय तथा उनकी धर्मपत्नी राधा उपाध्याय पौडेलको स्मृतिमा ‘लक्ष्मीशरण उपाध्याय व्यक्तित्व र कृति परिचर्चा’ तथा २७४औँ शुभप्रभात काव्यमाला कार्यक्रम वक्ताहरुले शिक्षालाई समाज परिवर्तनको प्रमुख आधारका रूपमा आत्मसात् गर्दै उपाध्यायलाई हेमजाको शैक्षिक विकासमा पुर्‍याउनुभएको योगदानलाई अहिले पनि प्रेरणाका रूपमा लिने गरिएको बताएका हुन् । शिक्षाको पहुँच सीमित रहेको समयदेखि नै हेमजामा शिक्षाको आवश्यकता र महत्वबारे चेतना फैलाउन उपाध्यायले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउँदै वक्ताहरुले भने ‘ उहाँका लागि शिक्षा केवल विद्यालयमा पढाइने विषय वा परीक्षा उत्तीर्ण गर्ने माध्यम थिएन। शिक्षा व्यक्तिको चेतना, संस्कार, क्षमता र सामाजिक जिम्मेवारी विकास गर्ने माध्यम हो भन्ने मान्यता उहाँले आत्मसात् गर्नुभएको थियो।’

विद्यालयको सीमित पहुँच, आर्थिक तथा सामाजिक चुनौती र अभिभावकमा रहेको शैक्षिक चेतनाको कमीका कारण धेरै बालबालिका शिक्षाको अवसरबाट वञ्चित हुने अवस्था रहेको बेला शिक्षाको महत्व बुझाउने, बालबालिकालाई विद्यालय पठाउन प्रेरित गर्ने र समाजमा शिक्षाप्रतिको सकारात्मक वातावरण निर्माण गर्ने कार्य उपाध्यायको योगदान अतुलनिय रहेको वक्ताहरुले स्मरण गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि स्वतन्त्र पत्रकार महासंघका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद बास्तोलाले लक्ष्मीशरण उपाध्यायले शिक्षा, साहित्य र सामाजिक क्षेत्रमा पुर्‍याएको योगदानलाई स्मरण गर्दै उहाँको व्यक्तित्व र कृतिबाट नयाँ पुस्ताले प्रेरणा लिनुपर्ने धारणा व्यक्त गरे । उनले साहित्य समाजको चेतना अभिवृद्धि गर्ने सशक्त माध्यम भएको बताउँदै साहित्यिक व्यक्तित्वका योगदानलाई संरक्षण र प्रचारप्रसार गर्नु आवश्यक रहेको उल्लेख गरे ।

नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य तथा शंकरमणि त्रिपाठी ‘छन्दमाणिले लक्ष्मीशरण उपाध्यायको साहित्यिक योगदानबारे चर्चा गर्दै उहाँका सिर्जनामा जीवन, समाज र मानवीय संवेदनाका पक्षहरू अभिव्यक्त भएको बताए । उनले साहित्यकारको योगदानलाई केवल कृतिका आधारमा मात्र नभई समाज र साहित्यका क्षेत्रमा पुर्‍याएको समग्र प्रभावका आधारमा समेत मूल्याय्न गर्नुपर्ने धारणा राखे । कार्यक्रममा समीक्षक तथा साहित्यकार असफल गौतमले लक्ष्मीशरण उपाध्यायको व्यक्तित्व र कृतिका विविध पक्षमाथि समीक्षात्मक धारणा प्रस्तुत गर्दै उपाध्यायको साहित्यिक यात्राका साथै शिक्षासेवा र सामाजिक सक्रियताले उहाँलाई विशिष्ट व्यक्तित्वका रूपमा स्थापित गरेको चर्चा गरे। उापाध्यायका कृतिमाथि थप अध्ययन, अनुसन्धान र चर्चा आवश्यक रहेको पनि गौतमले बताए । हेमजा साहित्य प्रतिष्ठानका संस्थापक सचिव कोविदशरण उपाध्यायले प्रतिष्ठानका गतिविधि तथा शुभप्रभात काव्यमालाको निरन्तरताबारे प्रकाश पार्दै नियमित साहित्यिक कार्यक्रममार्फत स्थानीय तथा राष्ट्रिय साहित्यिक गतिविधिलाई जोड्ने प्रयास भइरहेको बताए । प्रतिष्ठानका पूर्व अध्यक्ष कृष्णप्रसाद पौडेलले लक्ष्मीशरण उपाध्यायसँगका सहकार्य र उहाँका विभिन्न पक्षको स्मरण गर्दै उहाँ शिक्षासेवी मात्र नभई साहित्य तथा सामाजिक क्षेत्रमा समेत सक्रिय प्रेरणादायी व्यक्तित्व भएको बताए । पौडेलले उपाध्यायका योगदानलाई आगामी पुस्तासम्म पुर्‍याउन यस्ता स्मृति तथा परिचर्चा कार्यक्रम महत्वपूर्ण हुने धारणा राखे । उपाध्यायका छोरा माधवशरण पौडेलले शिक्षा भनेको केवल अक्षर चिन्ने र प्रमाणपत्र प्राप्त गर्ने विषय होइन, समाजलाई सचेत, संस्कारी र जिम्मेवार बनाउने आधार हो भन्ने मान्यता बुवाले स्थापित गरेको स्मरण गरे । ‘त्यतिबेला शिक्षाको पहुँच अहिलेको जस्तो सहज थिएन। त्यस्तो अवस्थामा विद्यालय, विद्यार्थी र अभिभावकलाई शिक्षाप्रति आकर्षित गराउनु आफैँमा ठूलो अभियान थियो।’ उनले भने, ‘बुवाले बाल्नुभएको शैक्षिक जागरणको दियोले धेरै पुस्तालाई उज्यालो दिएको छ ।’ कार्यक्रममममा नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य शंकरमणि त्रिपाठी ‘छन्दमणि’ र गण्डकी प्रज्ञा प्रतिष्ठनकी प्राज्ञ सदस्य छन्दिकालाई दोसल्ला ओढाई सम्मान पत्रले सम्मान गरिएको थियो। कार्यक्रमा २७४औँ शुभप्रभात काव्यमाला अन्तर्गत विभिन्न स्रष्टाले उापध्यायका कविता वाचन गरेका थिए । कविता वाचन गर्नेमा साहित्यकार वसन्त चालिसे हेम्जा वोर्डिङ स्कुलका विद्यार्थीहरु अपेक्षा केसी, आकृती भण्डारी, पूर्णिमा कुँवर, सामारिका सापकोटा, सुबिक्षा कुँवर, आयुषमा पौडेल तथा ज्ञानसागर एकेडेमीबाट रिदिमा खड्का, रश्मि विक, रोजिना अधिकारी, आदर्शमणि त्रिपाठी रहेका थिए ।

हेमजा साहित्य प्रतिष्ठान नेपालका अध्यक्ष सुनिल गायकको अध्यक्षतामा भएको कार्यक्रममा सदस्य दिवाकर पौडेलले स्वागत र कोषाध्यक्ष सोमनाथ गौतम ‘आक्रान्त’ले कार्यक्रम सञ्चालन गरेका थिए ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# एमाले बैठकले दिएको एकताको सन्देश

नेपाल कम्युनिस्ट पार्टी (एमाले) को तेस्रो केन्द्रीय कमिटी बैठक पार्टीलाई थप एकताबद्ध बनाउँदै सम्पन्न भएको छ । बैठक अघि उठेका नेतृत्व परिवर्तन र पुनर्गठनका बहसलाई बैठकले अस्वीकार गर्दै अध्यक्ष केपी शर्मा ओलीले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन सर्वसम्मतले पारित गरेको छ । बैठकले ११ औं महाधिवेशनपछि मनोनित हुन बाँकी केन्द्रीय सदस्यहरूको चयन गर्नुका साथै पार्टीको संगठन, समसामयिक राजनीति र बाढीपहिरो संकटका विषयमा २२ बुँदे समसामयिक प्रस्ताव पारित गरेको छ । एमालेको संगठन बाहिर रहेर गतिविधि गर्दै आएकी पुर्वराष्ट्रपति विद्यादेवी भण्डारी दोस्रो वरियतामा वरिष्ठ नेता मनोनित गरेर संगठन भित्र राखेको छ। पछि विधानमा मिलाउने गरिबैठकले पार्टीका पूर्वउपाध्यक्ष तथा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई पार्टी नेतृत्वको दोस्रो वरियतामा रहने गरी 'वरिष्ठ नेता'मा मनोनित गरेको छ ।

बैठकले पार्टीका संगठनमा काम गरेका सात जना नेताहरूलाई स्थायी कमिटी सदस्यमा चयन गरेको छ। चयन हुने स्थायी कमिटी सदस्यहरूमा ईश्वर पोखरेल (काठमाडौं), प्रदिप ज्ञवाली (गुल्मी), काशीनाथ अधिकारी (चितवन), देवराज घिमिरे (झापा), शिवमाया तुम्वाहाम्फे (मोरङ), लालबाबु पण्डित (मोरङ) र थममाया थापा (म्याग्दी) रहेका छन् । पार्टीका अनुभवी नेतालाई समेट्ने पहल शुरु भएको छ । फरक मत र सादगी जीवन विताउँदै आएका नेताहरुलाई पार्टीले समेट्छ भन्ने सन्देश पनि हो।बैठकले विभिन्न पार्टीबाट एमालेमा समाहित भएका १३ जनालाई केन्द्रीय सदस्यमा मनोनीत गरेको छ । मनोनीत हुनेमा मोहम्मद इस्तियाक राई,प्रदीप यादव,अब्दुल हुसेन,डिबी कार्की, भवानी खापुङ,दिपक खम्बु,जय गोदे,धर्मराज निरौला ,ददी चाम्लिङ ,, विनोद पहाडी ,रामप्रित पासवान, ध्रुब विष्ट छन।बैठकबाट मनोनित २० जना नयाँ केन्द्रीय सदस्यहरूमा काशीनाथ अधिकारी, देवराज घिमिरे, हरि रिजाल, पासाङ शेर्पा, नरेन्द्र भट्टराई, नन्दराम देवकोटा, धर्म गिरी, नारायण घर्ती, विद्यासुन्दर शाक्य, शान्तिलाल महत, पोल्तेन छेपाङ गुरूङ, प्रेम दङ्गाल, सुरेन्द्र उदास, विनोद पाण्डे, पुष्पराज श्रेष्ठ, विमला घिमिरे, शिवमाया तुम्वाहाम्फे, कौशिला खत्री, जानुका सिम्खडा र बिना बास्तोला रहेका छन् ।बैठकको समापन गर्दै अध्यक्ष ओलीले तेस्रो केन्द्रीय कमिटी बैठकले पार्टीभित्र उन्नतस्तरको समझदारी र सुदृढ एकता प्रकट गरेको बताए । स्थायी कमिटीको पूर्णता, पोलिटब्युरो गठन, सल्लाहकार परिषद्, विभागहरू र जेष्ठ कम्युनिष्ट मञ्च गठनको काम भने सचिवालय बैठकबाट निर्णय गर्ने गरी अधिकार प्रत्यायोजन गरिएको छ। बाहिरी प्रचारलाई कामबाटै जवाफ दिएको छ ।

पार्टीलाई एकताबद्ध राख्न र राष्ट्रिय शक्ति बनाउने गरि लाग्ने अठोट गरेको छ । त्यो केन्द्रीय सदस्यहरूको क्रियाशीलतामा भरपर्छ । बैठकले पार्टीको आन्तरिक जीवनमा मात्र केन्द्रीत नभइ राष्ट्रियता र जनजीविकामा पनि केन्द्रीत छागत भाद्र १० गते भोटेकोशीमा आएको विनाशकारी बाढीमा परी १४ सयभन्दा बढीको ज्यान गएको, ६ हजारभन्दा बढी बेपत्ता भएको र जलविद्युत आयोजना तथा पूर्वाधारमा ठूलो क्षति पुगेकोमा एमालेले गहिरो दुःख व्यक्त गरेको छ । विपद् व्यवस्थापनमा सरकारको भूमिका अव्यवस्थित, निष्प्रभावी र गैरजिम्मेवार रहेको ठहर गर्दै एमालेले सुरुङमा फँसेका प्राविधिकहरूलाई उद्धार गर्न वैदेशिक सहायता नलिने अडानका कारण संवेदनशील समय गुज्रिएको आरोप लगाएको छ । विकसित देशहरूको अनियन्त्रित औद्योगीकरणका कारण उत्पन्न जलवायु संकटको शिकार नेपाल बन्नुपरेको भन्दै एमालेले अन्तर्राष्ट्रिय मञ्चमा 'जलवायु न्याय'को एजेण्डालाई उच्च प्राथमिकता दिने संकल्प गरेको छासरकारले पार्टी अध्यक्ष केपी शर्मा ओली र उपाध्यक्ष विष्णुप्रसाद पौडेललाई गिरफ्तार गरी मुद्दा चलाउन खोजेको घटनालाई 'राजनीतिक प्रतिशोध' र मुठभेडको पराकाष्ठा भन्दै एमालेले निन्दा गरेको छ ।

भदौ २३ र २४ गतेका घटनाहरूको निष्पक्ष छानबिनका लागि सक्षम न्यायिक आयोग गठन गर्न र पुराना आयोगका प्रतिवेदनहरू पूर्ण पाठसहित सार्वजनिक गर्न माग गरिएको छ ।सरकारले संविधान संशोधनका नाममा एकपक्षीय 'कार्यदल' गठन गरेर संविधानका आधारभूत स्तम्भ ढाल्न खोजेको आरोप लगाउँदै एमालेले संविधानको रक्षाका लागि दृढतापूर्वक उभिने निर्णय गरेको छ । साथै, सुकुम्बासी बस्तीमा डोजर चलाउने कार्य, ग्यास तथा खाद्यान्नमा भएको महँगी, र मिडिया तथा नागरिक अधिकारमाथिको अंकुशप्रति एमालेले आपत्ति जनाएको छ । एमालेलेजल तथा मौसम विज्ञान विभागले आगामी ३ दिन भारी वर्षाको सम्भावना प्रस्तुत गर्दै 'रेड अलर्ट' जारी गरेको सन्दर्भमा एमालेले सम्पूर्ण नागरिकहरूलाई सतर्क रहन, अनावश्यक यात्रा नगर्न र सुरक्षा निकायका सूचनाहरू पालना गर्न आग्रह गरेको छ । पार्टी भित्र देखिएका असमझदारी हटाउने र एकताबद्ध बनाउने निर्णय व्यबहारमा प्रदर्शित भएमा राष्ट्रिय शक्ति निर्माण हुनेछ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : सत्कार मिल्नेछ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# तनहुँमा ११ हजार एक सय ३४ उद्योग

**पोखरापत्र संवाददाता**
दमौली, ८ असोज

तनहुँमा हालसम्म ११ हजार १३४ उद्योग दर्ता भएका छन् । एकीकृत सेवा कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ सम्म जिल्लामा रहेका उद्योगमध्ये गत आर्थिक वर्षमा मात्रै ३४३ नयाँ उद्योग थपिएका छन् ।

एकीकृत सेवा कार्यालयका सहायक प्रशासकीय अधिकृत सूर्यबहादुर थापाका अनुसार जिल्लामा रहेका उद्योगमध्ये सबैभन्दा बढी घरेलु उद्योग छन् । उहाँका अनुसार हाल तनहुँमा सात हजार ३२९ घरेलु, तीन हजार ६५० साना, १४९ लघु र एउटा मझौला उद्योग सञ्चालनमा छन् । नयाँ उद्योग थपिने क्रमसँगै सञ्चालनमा रहेका उद्योग तथा व्यवसाय खारेज हुने क्रम पनि देखिएको छ । थापाका अनुसार आर्थिक वर्ष २०८२/८३ मा मात्रै उद्योगतर्फ २५० र वाणिज्यतर्फ २३४ गरी ४८४ फर्म तथा उद्योग खारेजीमा परेका छन् । कार्यालयको तथ्याङ्कअनुसार नयाँ उद्योग दर्ता र पुराना उद्योग खारेजी दुवै प्रक्रिया जिल्लाको औद्योगिक तथा व्यावसायिक गतिविधिको नियमित हिस्सा बनेका छन् । एकातर्फ नयाँ उद्यमी थपिँदै जाँदा अर्कोतर्फ विभिन्न कारणले उद्योग तथा व्यवसाय बन्द गर्ने क्रम देखिएको हो । सहायक प्रशासकीय अधिकृत थापाका अनुसार उद्योग दर्ता, नवीकरण, नामसारी तथा खारेजीलगायतका सेवा कार्यालयबाट प्रदान हुँदै आएका छन् । पछिल्लो तथ्याङ्कले तनहुँमा साना तथा घरेलु उद्यममा आधारित आर्थिक गतिविधिको हिस्सा ठूलो रहेको देखाएको छ । गत आर्थिक वर्षमा थपिएका ३४३ वटा उद्योग साना उद्योग हुनुले जिल्लामा ठूलो लगानीका उद्योगभन्दा सानो पुँजीमा सञ्चालन गर्न सकिने उद्यमतर्फ आकर्षण बढी रहेको देखिन्छ । यस्ता उद्योगले स्थानीयस्तरमा रोजगारी सिर्जना गर्नुका साथै उत्पादन तथा सेवा क्षेत्रमा योगदान पुऱ्याउने गरेको उहाँको भनाइ छ ।

# अकबरे खुर्सानीले बजार र मूल्य नपाउँदा भकिम्लीका किसान चिन्तित

**पोखरापत्र संवाददाता**
म्याग्दी, ८ भदौं



बारीमा लटरम्म फलेर पाक्न थालेको अकवरे खुर्सानी देखेर बेनी नगरपालिका-३ भकिम्लीका गोविन्द किसान जती खुसी र उत्साही हुनुहुन्छ त्यो भन्दा बढी खुर्सानी कहाँ लगेर कसरी बेच्ने भन्ने पिडाले सताएको छ ।

"गाउँका अन्य किसानको सफलताबाट प्रभावित भएर दुई रोपनीमा लगाएको खुर्सानी पाकेर राताम्मे हुन लागेको छ," उहाँले भन्नुभयो "खुर्सानी देखेर खुसी हुनुपर्ने मलाई कहाँ लगेर बेच्ने भन्ने चिन्ताले सताएको छ ।" गोविन्दले घर नजिकैको बारीमा कोदो र मकैको विकल्पमा यसपालि पहिलो पटक अकवरे खुर्सानी खेती गर्नुभएको हो । गत वर्ष प्रतिकिलो रु २०० का दरले बिक्री भएको अकवरे खुर्सानी यसपालि प्रतिकिलो रु १७० पार्न पनि मुस्किल भएको किसानले गुनासो गरेका छन् । गत वर्ष खुर्सानी बेचेर रु चार लाख आम्दानी गरेका सोचिन्द्रा कृषि तथा पशुपक्षी फार्मका सञ्चालक लालबहादुर पुनले चिनाखेतस्थित पुर्ख्यौली जग्गामा यसपालि नौ रोपनीमा अकवरे खुर्सानी खेती गर्नुभएको छ । "राम्रो मूल्य पाउने हो भने यसपालि भकिम्लीबाट रु २० लाखभन्दा बढीको खुर्सानी बिक्री हुन्छ," उहाँले भन्नुभयो, "दुई वर्षअघि प्रतिकिलो रु ३५० सम्ममा बिक्री भएको खुर्सानी गत वर्ष प्रतिकिलोग्राम १९० सम्म प्राप्त भएको थियो, यसपालि १३० पाउन पनि मुस्किल भएको छ ।" भकिम्लीमा गोविन्द नेपाली, लालबहादुर पुन, राम रुचाल, खिम आले, कुल पुन, जगदेवी घर्ती, मनी रोकालगायत १० जना किसानले व्यावसायिक अकबरे खेती गरेका छन् । सस्तो मूल्यमा खुर्सानी खरिद गर्ने केही व्यापारीले किसानलाई भुक्तानी नदिएर दुःख दिएको लालबहादुरले बताउनुभयो ।

भकिम्लीका किसानले तीन वर्षयता व्यावसायिक रूपमा अकबरे खेती गर्न थालेका हुन् । यसअघि अकबरेको व्यावसायिक खेती भएको थिएन । बेलढुङ्गा कृषक समूहका सचिव भीमबहादुर रोकाले ताप्लेजुङबाट बीउ ल्याएर परीक्षणका रूपमा गरेको खेती सफल भएपछि व्यवसाय थालेका हुन् । भकिम्लीमा पहिलो पटक व्यावसायिक रूपमा अकबरे खुर्सानी खेती भएको हो । कृषि विकास कार्यालयले तरकारी खेती प्रवर्द्धन कार्यक्रममार्फत अनुदान उपलब्ध गराएको थियो । उच्च पहाडी भूगोल र हावापानी अनुकूल भएकाले भकिम्लीमा अकबरे खुर्सानी खेतीका लागि उपयुक्त रहेका कृषि विकास कार्यालयका प्रमुख सञ्जीव बाँस्तोलाले बताउनुभयो । उहाँका अनुसार दिउँसो २२ देखि २५ डिग्री सेल्सियस र राति १५ देखि २० डिग्री सेल्सियस तापक्रम हुने उच्च पहाड र तराईको भूगोलमा अकबरे खुर्सानी खेती गर्न सकिन्छ । बेनी, दरवाङ, तातोपानी, गलेश्वर, मुस्ताङ, बाबियाचौर, दरवाङ, कुश्मा र बागलुङ अकबरे खुर्सानीको स्थानीय बजार हो ।

कोदो, मकैलगायत परम्परागत खाद्यबालीको विकल्पमा अकवरे खुर्सानी खेती गरेका कुलबहादुर पुनले फुल खेल्न थालेपछि बोट सुक्ने समस्याका कारण आम्दानी लिन नपाएको गुनासो गर्नुभयो ।

खुर्सानीको बजारीकरणका लागि व्यापारी र किसानलाई सम्पर्क गराउन समन्वय गर्नाका साथै रोग किराको समस्या देखिएको ठाउँमा कृषि प्राविधिकलाई खटाएको बेनी नगरपालिका-३ भकिम्लीका वडाअध्यक्ष पदम पुनले बताउनुभयो । ताजा अवस्थामा बिक्री नभएको खुर्सानीलाई सुकाएर प्रशोधन गर्ने तथा सुरक्षित रूपमा ' प्याकिङ' गरेर राख्ने ज्ञान र सीपको विकासका लागि तालिम आवश्यक छ ।

# बेनी-जोमसोम र बेनी-दरवाङ सडकमा रातिमा रोक

**पोखरापत्र संवाददाता**
म्याग्दी, ८ असोज

स्थानीय प्रशासनले म्याग्दीका मुख्य दुई वटा सडकमा बुधबारदेखि चार दिनका लागि रातको समयमा यातायातका साधन सञ्चालनमा रोक लगाएको छ ।

जिल्ला सदरमुकाम बेनीबाट रघुगङ्गा र अन्नपूर्ण गाउँपालिका हुँदै मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम र मङ्गला, मालिका र धवलागिरि गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनी जोड्ने बेनी-दरवाङ सडकमा यही असोज ११ गतेसम्मका लागि यातायातका साधन सञ्चालनमा रोक लगाइएको हो । म्याग्दीका सहायक प्रमुख जिल्ला अधिकारी कुलप्रसाद आचार्यले भारी वर्षाका कारण हुन सक्ने विपद्को जोखिम र क्षति न्यूनीकरणका लागि दुई वटै सडकमा साँझ ६:०० देखि भोलिपल्ट बिहान ६:०० बजेसम्म कुनै पनि यातायातका साधन सञ्चालन गर्न रोक लगाइएको जानकारी दिनुभयो ।

मौसम विज्ञान विभाग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले म्याग्दीलाई पनि बिहीबारदेखि आइतबारसम्म भारी वर्षाका कारण जोखिमयुक्त क्षेत्र पहिचान गरेका छन् । बाढी, पहिरो, कटानका कारण सम्भावित क्षतिलाई आकलन गर्दै धवलागिरि गाउँपालिकाले बिहीबार र शुक्रबार विद्यालय बन्द गरेको छ । बेनी नगरपालिका, मालिका, मङ्गला, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकाले स्थानीय बिदाबाट समायोजन हुने गरी शुक्रबार शैक्षिक संस्था बिदा दिएका छन् । जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार स्थानीय तह, सुरक्षा निकाय र समुदाय स्तरमा सतर्कताका साथै पूर्वतयारी गरिएको प्रमुख जिल्ला अधिकारी गणेश गैरेले बताउनुभयो ।

निर्माण सम्पन्न भएका र निर्माणाधीन जलविद्युत् आयोजनालाई समेत सतर्कता अपनाउन प्रशासनले निर्देशन दिएको छ । विपद्को अवस्थामा सडक, विद्युत्, सञ्चारलगायत आधारभूत सुविधामा हुन सक्ने अवरोध हटाउनका लागि बेनी-जोमसोम-कोरला सडक आयोजना, पूर्वाधार विकास कार्यालय, छ वटै स्थानीय तह, विद्युत् प्राधिकरण, नेपाल टेलिकम सहितका सेवा प्रदायक निकाय र उद्योग वाणिज्य सङ्घ, रेडक्रस सोसाइटीलगायत सङ्घसंस्थासँग समन्वय गरिएको प्रजिअ गैरेले बताउनुभयो ।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २७ निवासी रन बहादुर गुरुङको छोरा भारतीय भु.पु.सै.नं.5240850L का नायक तिलक सिं गुरुङको माग निवेदन अनुसार निजको श्रीमती लक्ष्मी कुमारी गुरुङको ना.प्र.नं.४६-०२-८१-०१२७० कास्कीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर लक्ष्मी कुमारी गुरुङ र . जन्ममिति वि.सं.२०११।०४।०८ (ई.सं.१९५४।०७।२३) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर लक्ष्मी गुरुङसेनी (Lachhimi Gurungseni) र जन्ममिति ई.सं.१९५६।११।१८ उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २७ नं. वडा कार्यालयको च.नं. १०९० मिति २०८३।०६।०८ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

# तनहुँका १० पालिकामा कांग्रेसको नयाँ नेतृत्व

**पोखरापत्र संवाददाता**
तनहुँ, ८ असोज

नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत तनहुँका १० वटै पालिकामा नयाँ नेतृत्व चयन भएको छ ।

बुधबार सम्पन्न पालिका अधिवेशनबाट आठ पालिकामा नेतृत्व सर्वसम्मत चयन भएको छ भने दुई पालिकामा मतदानमार्फत नेतृत्व चयन गरिएको हो । अधिवेशनबाट व्यास नगर सभापतिमा तुल्सीराम सापकोटा, भिमाद नगर सभापतिमा अर्विन श्रेष्ठ, भानु नगर सभापतिमा राजन श्रेष्ठ, शुक्लागण्डकी नगर सभापतिमा कृष्णप्रसाद रेग्मी, घिरिङ गाउँ सभापतिमा सुमन थापामगर, ऋषिङ गाउँ सभापतिमा याम सारु मगर, आँबुखैरेनी गाउँ सभापतिमा सोम दर्लामी र बन्दीपुर गाउँ सभापतिमा पर्शुराम अधिकारी सर्वसम्मत निर्वाचित हुनुभएको छ । त्यस्तै, म्याग्दे गाउँ सभापतिमा मतदानमार्फत नरसिंह राना विजयी हुनुभएको छ भने देवघाट गाउँ सभापतिमा अर्जुन अधिकारी निर्वाचित हुनुभएको छ । यससँगै तनहुँका सबै १० पालिकामा नेपाली कांग्रेसको नयाँ नेतृत्व चयन भएको छ । यसैगरी नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत भएको वडा अधिवेशनमा महिला नेतृत्व शून्य भएको छ । जिल्लाका १० स्थानीय तहका ८५ वटै वडामा पुरुषको मात्रै सभापतिमा चयन भएको छ । व्यास नगरपालिकाका-१४, शुक्लागण्डकी नगरपालिकाका-१२, भिमाद नगरपालिकाका-९, भानु नगरपालिकाका-१३, देवघाट गाउँपालिकाका-५, आँबुखैरेनी गाउँपालिकाका-६, ऋषिङ गाउँपालिकाका-८, घिरिङ गाउँपालिकाका-५, म्याग्दे गाउँपालिकाका-७ र बन्दीपुर गाउँपालिकाका-६ वडामा सभापति चयन भएको नेपाली कांग्रेस तनहुँका सचिव लक्ष्मीभक्त खनालले जानकारी दिनुभयो । वडा तह पार्टी सङ्गठनको सबैभन्दा महत्वपूर्ण आधारका रूपमा लिइने भए पनि नेतृत्व चयनमा महिलाको उपस्थिति नदेखिनुले कांग्रेसको वडा तहको नेतृत्वमा लैङ्गिक प्रतिनिधित्वको अवस्था कमजोर देखिएको छ ।

नेपाल सरकार
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
म्याग्दी

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



म्याग्दी जिल्ला साविक मुना गा.वि.स. वडा नं. ४, हाल धवलागिरी गाउँपालिका वडा नं. ३ बस्ने, भारतीय सेनाका भू.पू. सैनिक नं. ५३४४७२३४, पृथ बहादुर थापाको श्रीमती देव सराको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर देव सरा पुन थापा र जन्ममिति वि.सं. २०१९/१०/१५ (ई.सं. १९६३/०१/१८) उल्लेख भएको साथै निजको सैनिक अभिलेखमा श्रीमतीको नामथर देव सरा र जन्ममिति ई.सं. १९६०/११/१७ उल्लेख भई फरक परेको तर उक्त दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी सम्बन्धित धवलागिरी गाउँपालिका वडा नं. ३ वडा कार्यालयको च.नं. ११२, मिति २०८३/०५/२५ को पत्रबाट सिफारिस भई आएकोले भारतीय पेन्सन प्रयोजनको लागि सोही बमोजिम सिफारिस गरिन्छ ।

**प्रमुख जिल्ला अधिकारी**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं ३३ निवासी भारतीय भु.पु.सै.नं. 5751390X, Rank ACP/HAV युनिट 4/8 GR भएका मिन बहादुर ठकुरीको माग निवेदन अनुसार निजको श्रीमती पार्वती ढकालको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर पार्वती ढकाल र जन्ममिति वि.सं. २०२४।०३।२२ 'ई.सं.१९६९।०१।०१) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर पार्वती ठकुरी र जन्ममिति वि.सं. २०२५।०९।१८ (ई.सं.१९६९।०१।०१) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका ३३ नं. वडा कार्यालयको च.नं.५४५ मिति २०८३।०५।२४ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

# अर्को वर्ष भेटौँला मनास्लु !

प्रतीक्षा आले
गोरखा, ८ भदौं/रासस

सातोरी एडभेन्चर प्रालिका फुर्ते शेर्पा लेख्नुहुन्छ, "हिमाल जहिले पनि त्यहीँ रहिरहनेछ, तर जीवन सबैभन्दा पहिले आउँछ । खराब मौसमका कारण सुरक्षित रहने निर्णय स्पष्ट भएपछि सातोरी एड्भेन्चर्स प्रालिको टोली सकुशल घरतर्फ फर्किँदैछ । अझै पनि हिमालमा रहनुभएका हाम्रा सम्पूर्ण साथीहरू, बलियो बन्नुहोस्, सुरक्षित रहनुहोस्, आफ्नो निर्णयमा विश्वास राख्नुहोस् र सकुशल घर फर्कनुहोस् । कुनै पनि शिखरको आरोहण जीवनलाई जोखिममा पार्न लायक हुँदैन । अर्को वर्ष भेटौँला, मनास्लु ।"

मनास्लुमा रहेको समिट फोर्स टोलीका माइल्स शेर्पा लेख्नुहुन्छ, "तीव्र हावा र निरन्तरको हिमपातले पर्वतारोहीलाई शिखरमा पुग्ने योजना पुनरावलोकन गर्न र क्याम्प १ र २ बाट आधार शिविरमा फर्कन बाध्य बनाएको छ ।" आउँदै गरेको ढिलो मनसुनी आँधी प्रणालीले पहिले नै हिमपहिरोको जोखिममा रहेको हिमालमा थप हिउँ थुपार्ने शेर्पाको भनाइ छ ।

"महिनौँको तयारीपछि बल्लतल्ल पुगेको शिखरबाट फर्कन यसै सहज हुँदैन, तर हिमाल सधैँ यहीँ रहिरहनेछ । मनास्लु सधैँ यहीँ छ । आउँदो वर्ष पुनः फर्कनुहोला । हामीलाई आफ्नो टोलीप्रति गर्व छ, उहाँहरू कति माथिसम्म पुग्नुभयो भन्नेमा मात्र होइन, परिस्थिति अनुकूल नहुँदा सही निर्णय लिने आँट देखाउनुभएकोमा पनि । सबैभन्दा ठूलो सफलता सधैँ शिखरमा पुग्नु मात्र होइन । कहिलेकाहीँ, सुरक्षित रूपमा घर फर्कनु नै सबैभन्दा ठूलो उपलब्धि हो", भन्दै उस्तै सभ्य र सालिन भाषा प्रयोग गर्दै हिमालय समिट क्लबले आफ्ना आरोहीलाई पनि घर फर्काएको छ ।

समिट क्लबले भनेको छ, "विनम्रता, धैर्यता र प्रकृतिप्रतिको सम्मानको अर्को पाठ सिकाएकोमा धन्यवाद, मनास्लु ! अनि यस मनास्लु यात्रामा हामीसँग जोडिनु भएकोमा र आफ्नो विश्वास तथा सहयोगका लागि विश्वभरका हाम्रा सम्पूर्ण आदरणीय अतिथिप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौँ । सन् २०२७ मा फेरि भेटौँला ।" सन् २०२६ को लागि शरदकालीन मनास्लु आरोहण सिजन कसैले पनि आरोहण नै नगरी औपचारिक रुपमा टुङ्गिएको छ । बङ्गालको खाडीबाट नेपालतर्फ आउँदै गरेको गहिरो न्यून चापीय प्रणालीको प्रभाव विश्वको आठौँ अग्लो हिमाल मनास्लुमा पनि देखिएको हो । जसका कारण हिमालमुनि रहेका सयौँ पर्वतारोही र गाइडलाई असर परेको छ । दुई सातादेखि लगातार मौसमले साथ नदिएपछि आफूहरू मनास्लु आरोहण नगरी धमाधम फर्किएको आरोही नाङ्स्याल छोदेनले बताउनुभयो । मनास्लुको क्याप ३ सम्म पुगेका आरोही चुचुरोमा नपुगी फर्किनुपरेको उहाँले जानकारी दिनुभयो । "यसपालि मौसमले साथ नदिएपछि सबैजना फर्किनुपऱ्यो, जीवन रह्यो भने हिमालले त पर्खन सक्छ", उहाँले भन्नुभयो, "अहिले त बेसक्याप पनि रित्तिसक्यो । हामी केही आरोही र शेर्पाको टोलीहरू बेसक्यापमा टेण्ट निकाल्दै छौँ । हामी पनि अब सामागाउँ झर्ने तयारीमा छौँ ।" यो सिजनमा रोप फिक्सिङ (डोरी बाँध्ने) कार्यदलका केही सदस्यबाहेक अन्यले मनास्लु आरोहण गर्न नपाएको छोदेनको भनाइ छ । उहाँका अनुसार मनास्लुको क्याम्प ३ सम्म पुगेका आरोही मङ्गलबार बेसक्याप झरेका र बुधबार बिहानदेखि सामागाउँ फर्कन थालेका हुन् । केही कम्पनीका आरोही अक्टोबरमा आरोहण गर्ने तयारीमा रहेका र अधिकांश आरोही काठमाडौँ फर्कन लागेका आरोही नाङ्स्याल छोदेनले बताउनुभएको छ ।



मनास्लु आरोहणको तयारीमा रहेका अमेरिकी आरोही चार्ली एङ्गलले भन्नुभएको छ, "आज धेरै मानिसहरू हिमालबाट तल झर्दैछन् । केही मानिसहरू अझै पनि आफैँ तल आउन सकेका छैनन् । उद्धार कार्य अझै जारी छ । अनि मौसमको अवस्था हेर्दा, अबको एक हप्ता वा १० दिनसम्म पर्खनुपर्ने स्थिति आउन सक्छ जस्तो देखिन्छ । त्यसो भए हामी के गर्दैछौँ त ? खासै केही छैन । हामी पर्खिरहेका छौँ, मौसमलाई नियालिरहेका छौँ । के भइरहेको छ भनेर बुझ्ने प्रयास गर्दैछौँ र त्यसैका आधारमा निर्णय लिनेछौँ ।" यसअघि सन् २०२२ को शरद ऋतुमा प्रतिकूल मौसमका कारण सयौँ आरोहीहरू मनास्लु आरोहण नगरी फर्किनुपरेको थियो । निरन्तर वर्षा र हिमपातका कारण हिमाल चढ्न अनुकूल नभएपछि यो वर्ष पनि आरोही हिमालै नचढी फर्किनु परेको हो ।

हालका लागि मौसम प्रतिकूल भए पनि फेरि यसै याममा आरोहण गर्न सक्ने सम्भावना नरहेको बेसक्यापमा रहेका प्रबल लामाले जानकारी दिनुभयो । "विभिन्न देशबाट आएका आरोही कसैको भिसा सिद्धिएको हुन्छ । आफूमात्र गएर भएन । सरसामान लैजानुपर्छ, गाइड, शेर्पा लैजानुपर्छ । त्यसैले अब फेरि फर्केर आरोहणमा जाने सम्भावना छैन", लामाले भन्नुभयो, "म सन् २०१२ देखि मनास्लु आउन थालेको हुँ । यो वर्षजस्तो भारी वर्षा र हिमपात कहिल्यै आएको थाहा थिएन ।"

सितिमिति पानी नै नपर्ने र परे पनि अति कम पर्ने मनास्लु आधार शिविरमा विगत दुईसातादेखि निरन्तर पानी परिरहेको सामागाउँका वीरबहादुर लामाले बताउनुभयो । हाल सामागाउँ बेसक्याम्पबाट फर्किएका आरोहीहरूले होटल खचाखच भरिएको उहाँले जानकारी दिनुभयो । "केही मनास्लु सर्किट हुँदै पैदल हिँडेर फर्कने तयारीमा छन् भने अधिकांश हेलीमा फर्किरहेका छन्", लामाले भन्नुभयो ।

उच्च हिमाली वातावरण द्रुत गतिमा बदलिरहेको छ । हिमपात, वर्षा, हावाको बेग र हिमालको अस्थिरता, यी सबैले हिमाल आरोहणमा निर्णय लिन महत्वपूर्ण भूमिका खेल्छन् । यही विषयको भेउ नपाउँदा सन् २०१२ मा र ११ जना आरोहीको ज्यान गयो ।

आठ हजार १६३ मिटर अग्लो मनास्लुलाई प्राविधिक रूपमा कठिन र हिमपहिरोको उच्च जोखिमयुक्त शिखरका रूपमा लिइँदै आइएको छ । यसका आरोहण मार्गहरूले हिमखानी भरिएका भूभाग, क्याम्प १ र २ बीचको सक्रिय आइसफल तथा माथिल्लो भेग ठाडो, भिरालो पाखा एवं सेराक्स छन् । केहीदिनको अप्रत्याशित भारी हिमपातपछि, मनास्लुमा करिब पाँच फिट नयाँ हिउँ जम्मा भएसँगै हिमालको स्थिति पूर्ण रूपमा परिवर्तन भएको छ । क्याम्प ३ र क्याम्प ४ बीचको बाटो हिमपहिरोको तीव्र जोखिमयुक्त क्षेत्रमा पर्ने बताइएको छ । हालै गएको हिमपहिरोले डोरी टाँग्ने टोलीलाई समेत प्रभावित पारिसकेको छ ।

असोज आठ र नौ गतेदेखि नेपालमा अर्को ठूलो मौसमी प्रणाली भित्रिने सम्भावना रहेकाले आरोही लैजाने कम्पनीहले यस यामको मनास्लु आरोहण प्रयास यहीँ अन्त्य गर्ने कठिन निर्णय लिएका छन् ।

विश्वको आठौँ अग्लो मनास्लु आरोहण गर्न यो सिजनमा सधैँभन्दा धेरै करिब पाँचसय आरोहीले अनुमति लिएका थिए । पाँचसय जना नेपाली उच्च हिमाली गाईड र सहयोगी कर्मचारी मनास्लुमा आएका थिए । गत वर्ष ४१० जनाले अनुमति लिएका थिए भने यस वर्ष ४९३ जनाले त्यो अनुमति पाएका छन् । अघिल्लो वर्ष विभिन्न ६७ देशका ४१ समूहका आरोहीबाट सरकारलाई रु २२ करोड ४८ लाख १४ हजार राजस्व आम्दानी भएको छ ।

# अञ्जुली आवासीय माविद्वार बाढीपीडितलाई १ लाख सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ८ भदौं

अञ्जुली आवासीय माध्यामिक विद्यालय पोखरा-१ बगरले रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीबाट प्रभावित नगारिकहरुको राहत तथा पुनर्स्थापनका लागि १ लाख ५ हजार रुपैयाँ सहयोग गरेको छ ।

रसुवा जिल्लामा प्राकृतिक विपद्का कारण प्रभावित बनेका नागरिकको राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले पोखरा-१ बगर स्थित अञ्जुली आवासीय माध्यामिक विद्यालयले एन प्याब्सन कास्की मार्फत १ लाख ५ हजार रुपैया प्रधानमन्त्री राहत कोषमा सहयोग गर्ने गरी रकम हस्तान्तरण गरेको हो । विद्यालयका संस्थापक निर्देशक राजु केसी, प्रिन्सिपल सुनिता कुँवर केसीले एन प्याब्सन कास्कीका अध्यक्ष मनकाजी गुरुङ, वरिष्ठ उपाध्यक्ष प्रेमराज अधिकारी, सचिव शिवराज पौडेल र कोषाध्यक्ष राजु कायस्थलाई उक्त रकम हस्तान्तरण गरेका थिए । भोटेकोशी नदीमा आएको भीषण बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले एन प्याब्सन कास्कीमार्फत प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग गरिएको हो । प्राकृतिक विपद्का कारण प्रभावित बनेका परिवारलाई राहत उपलब्ध गराउने तथा उनीहरूको पुनर्स्थापनामा टेवा पुऱ्याउने उद्देश्यले उक्त सहयोग गरिएको जनाइएको छ । सहयोग हस्तान्तरणका क्रममा विद्यालयका संस्थापक निर्देशक राजु केसीले विपद्का बेला पीडित नागरिकको साथमा उभिनु सबैको सामाजिक दायित्व भएको बताए । विद्यालयकी प्रिन्सिपल सुनिता कुँवर केसीले शिक्षा प्रदान गर्ने संस्थाको भूमिका कक्षाकोठामा मात्र सीमित नरहेको बताउँदै मानवीय सेवामा समेत शैक्षिक संस्थाले योगदान गर्नुपर्नेमा जोड दिइन् । एन प्याब्सन कास्कीका अध्यक्ष मनकाजी गुरुङले प्राकृतिक विपद्बाट प्रभावित नागरिकलाई तत्काल राहतसँगै दीर्घकालीन पुनर्स्थापनाका कार्यक्रम आवश्यक रहेको बताए । एन प्याब्सन कास्कीले सामाजिक उत्तरदायित्वअन्तर्गत विपद्का समयमा प्रभावित समुदायलाई सहयोग गर्दै आएको उल्लेख गर्दै आगामी दिनमा पनि आवश्यकताअनुसार सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे ।



# महिला उद्यमीलाई कोसेली घर

पोखरापत्र संवाददाता
दमौली, ८ भदौं

तनहुँका महिला उद्यमीले उत्पादन गरेका सामग्रीको बजारीकरण गर्ने उद्देश्यसहित सञ्चालनमा रहेको व्यास कोसेली घरले आफ्नो शाखा विस्तार गरेको छ ।

व्यास नगरपालिका-३, एकीकृत सेवा कार्यालय नजिकै नयाँ शाखा विस्तार गरेको हो । स्थानीय स्तरमा उत्पादन हुने वस्तुलाई सहज रूपमा उपभोक्ता माझ पुऱ्याउने, महिला उद्यमीलाई बजारको पहुँचमा जोड्ने तथा स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले कोसेली घर सञ्चालनमा ल्याइएको हो । व्यास कोसेली घरकी अध्यक्ष कल्पना गौलीले जिल्लाका महिला उद्यमीले उत्पादन गरेका सामग्रीलाई बजार उपलब्ध गराउने मुख्य उद्देश्यका साथ कोसेली घर सञ्चालन गरिएको बताउनुभयो । उहाँले महिला उद्यमीले उत्पादन गरेका सामग्री गुणस्तरीय भए पनि उचित बजारको अभावमा धेरै उद्यमी समस्यामा पर्ने गरेको उल्लेख गर्दै कोसेली घरले उनीहरूको उत्पादनलाई उपभोक्तासम्म पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्दै आएको बताउनुभयो । "महिलालाई उद्यमशीलतामा जोड्ने र उहाँहरूले उत्पादन गरेका सामग्रीको बजारीकरणमा सहयोग पुऱ्याउने हाम्रो मुख्य उद्देश्य हो," अध्यक्ष गौलीले भन्नुभयो, "स्थानीय उत्पादनको प्रवर्द्धनसँगै महिलालाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन पनि कोसेली घरले सहयोग पुऱ्याउने विश्वास लिएका छौँ ।" कोसेली घरमार्फत जिल्लाका महिला उद्यमीले उत्पादन गरेका विभिन्न खाद्य सामग्री, हस्तकलाका सामग्री तथा स्थानीय विशेषतासँग जोडिएका उत्पादन बिक्रीका लागि राखिएको छ ।

यसले घरमै सीमित रहेको सीप र उत्पादनलाई व्यावसायिक रूपमा अगाडि बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको उहाँको भनाइ छ । कोसेली घरको शाखा विस्तारसँगै तनहुँका विभिन्न स्थानमा रहेका महिला उद्यमीले उत्पादन गरेका सामग्रीलाई एउटै स्थानबाट बिक्री वितरण गर्न सहज हुने छ । यसले विशेषगरी साना तथा घरेलु उद्योग सञ्चालन गरिरहेका महिलालाई आफ्नो उत्पादनको बजार खोज्न सहज हुने अपेक्षा गरिएको कोसेली घरकी सचिव सिर्जना सिग्देलले जानकारी दिनुभयो ।

# प्रौढ भलिबलको उपाधी पुरुषतर्फ पोखरा भेट्रान्स निलो र महिलातर्फ गुरुङ-मगर समाजलाई

पोखरापत्र संवाददाता
पोखरा, ८ भदौं

पोखरामा आयोजित प्रथम खुला प्रौढ पुरुष तथा महिला भलिबलको उपाधी पोखरा भेट्रान्स निलो र गुरुङ-मगर समाजले उचालेका छन् ।

गुरुङ-मगर समाज, लामाचौरले आफ्नो प्रथम बार्षिकोत्सवका अवसरमा स्थानीय पातीघारी खेल मैदानमा आयोजना गरेको प्रतियोगितामा पुरुषतर्फ पोखरा भेट्रान्स निलो र महिला तर्फ आयोजक गुरुङ-मगर समाजले उचालेका हुन् ।



पुरुषतर्फको फाईनल खेलमा पोखरा भेट्रान्स निलोले पोखरा भेट्रान्स रातोलाई ३-२ को सेटमा पराजित गर्दै उपाधि चुम्यो ।पराजित पोखरा भेट्रान्स रातो भने दोस्रोमा सिमित रह्यो । त्यस्तै महिलातर्फको फाइनल खेलमा आयोजक गुरुङ मगर समाजले म्याग्दी दोवा टिमलाई ३-१ को सेटमा पराजित गर्यो। पराजित म्याग्दी दोवा टिम दोस्रो स्थानमा चित्त बुझायो ।पुरुषतर्फ फिप्टी भुपु आर्मीले टिम मकवानपुरलाई हराउँदै तेस्रो बनेको छ । महिलातर्फ रामबजार टिमलाई हराउँदै, पुन मगर समाज तेस्रो बन्न सफल भएको प्रचार संयोजक विराज शर्माले जानकारी दिए ।उपाधि विजेता पुरुषतर्फको पोखरा भेट्रान्स निलोले नगद १ लाख १ हजार शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्यो भने उपविजेता बनेको पोखरा भेट्रान्स रातोले नगद ६१ हजार , शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्यो । महिलातर्फ उपाधि विजेता गुरुङ मगर समाजले नगद ५१ हजार, शिल्ड, मेडल र प्रमाणपत्र र उपविजेता म्याग्दी दोवाले नगद ३१ हजार, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको हो । तेस्रो स्थानमा चित्त बुझाएका फिप्टी भुपु आर्मीले नगद ३१ हजार, शिल्ड, मेडल र प्रमाणपत्र तथा पुन मगर समाजले नगद १५ हजार, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको प्रचार संयोजक शर्माले बताए । विजयी खेलाडीलाई अन्नपुर्ण गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसी, समाजका अध्यक्ष युग गुरुङ, खेल संयोजक सन्दिप थापा मगर, सचिव लिलबहादुर क्षेत्री, कोषाध्यक्ष सुर्य पुर्जा मगर, राष्ट्रिय रेफ्री राम गुरुङ लगायतले पुरस्कार वितरण गरे । समापन कार्यक्रममा अध्यक्ष युग गुरुङले प्रतिकुल मौषमका बाबजुद पनि कार्यक्रम सफल भएको बताउँदै, प्रतियोगितालाई आगामी बर्ष पनि निरन्तरता दिने बताए । ५ दिनसम्म संचालन भएको प्रतियोगितामा पुरुषतर्फ २२ र महिलातर्फ ६ टिमले सहभागिता जनाएका थिए । समाजमा गुरुङ, मगर मात्र नभई सबै समुदायको प्रतिनिधित्व रहेको बताईएको छ ।

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



बागलुङ जिल्ला भिमापोखरा गा.वि.स.वडा नं. ३ निवासी भारतिय भु.पु.नं. जे. सी. ६१२४३७ एक्स सुवेदार पुर्ण बहादुर थापाको श्रीमतीको नागरिकताको प्रमाण पत्रमा नाम हिमा मल्ल भएको र भारतिय पेन्सन डकुमेन्टमा हिमा कुमारी थापा भएता पनि व्यक्ति एउटै भएको भनी गाउं विकास समितिको कार्यालय भिमापोखरा बागलुङको च.नं. १३७ मिति २०७१/८/२ को पत्रबाट लेखी आएकोले सोही व्यहोरा प्रमाणित गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



जन्मः
१९९८ मंसिर १ गते

स्वर्गारोहणः
२०८३ भाद्र ३० गते

**स्व. कृष्ण कुमारी तझ्या**

हाम्रा आदरणीय मित्र श्री रमा भगवती सिं गुठी पोखराका पूर्व सदस्य रानीपौवा पोखरा–११ तुल्सी मार्ग निवासी स्व. कोमल लाल तझ्याका श्रीमती यस सिं गुठीका सदस्य थमन तझ्या र राज कुमार तझ्याका ममतामयी माता सरस्वती तझ्या र रेष्मा पालिखे तझ्याका सासुआमा तथा निकिता, एलीसा, अनमोल, रबिन र युनिक तझ्याका हजुरआमा यस श्री रमा भगवती सिं गुठीका सदस्य समाजसेवी अती मिलनसार **कृष्ण कुमारी तझ्या** को ८६ वर्षको उमेरमा असामयीक स्वर्गारोहण हुनुभएकोमा हामी श्री रमा भगवती सिं गुठी परिवार अति मर्माहत एवम् स्तब्ध भएका छौं । यस दुःखद घडीको आज ११ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र स्वर्गवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**सम्मर बहादुर श्रेष्ठ**
**नायोः (अध्यक्ष) एवम्**
**श्री रमा भगवती सिं गुठी परिवार**
**पोखरा**